**Publisher:** TUTA, Dhawalagiri Multiple Campus, Baglung ISSN: 2392-4438

# पन्चासे क्षेत्रमा पर्यटन विकासका सम्भावना तथा चुनौतीहरू

उपप्रा. हिरालाल रेग्मी
अर्थशास्त्र विभाग, धवलागिरि बहुमुखी क्याम्पस, बागलुङ
Email: hira.regmi@dmc.tu.edu.np / regmihl@gmail.com

**लेखसार**

नेपालमा मानवीय सभ्यतासँग जोडिएका अनेकौं प्राकृतिक स्थलहरू रहेका छन् । पूर्वीय संस्कृति तथा हिन्दू धर्मसँग सम्बन्धित वाङ्मयमा नेपालका विभिन्न क्षेत्रहरूका बारेमा उल्लेख गरिएको पाइन्छ । यिनै विभिन्न स्थलहरूमध्येको पर्वत, स्याङ्जा र कास्की जिल्लाको सङ्गमस्थलमा अवस्थित पन्चासे क्षेत्र हो । खास गरेर स्थानीयबासीहरूले बालाचतुर्दशीका दिन पन्चासेमा रहेको ताल र सिद्धथानसम्मको विभिन्न क्षेत्रमा सत्बीज छर्दै आएको परम्परालाई वैदिक युगसँग जोडिएका तथ्य फेला पर्नुले यस क्षेत्रको पौराणिक महत्त्वलाई थप उचाइ प्राप्त गर्ने आधार प्रदान गरेको छ । प्राकृतिक सौन्दर्यताले भरिपूर्ण यस क्षेत्रलाई आर्थिक तथा पर्यटन विकासको समेत आधारका रूपमा विकास गर्न सकिने सम्भावना रहेको छ । जैविक विविधतायुक्त यो क्षेत्र प्राकृतिकरूपले सुन्दर रहेको छ । यहाँस्थित विभिन्न कुटीहरू, सिद्धथान, पन्चासे ताल, प्राचीन संरचनाहरू, पुराणहरूसँग जोडिएका प्रसङ्गहरू नै पन्चासे क्षेत्रका पर्यटन विकासका आधारका रूपमा रहेका छन् । पर्वत, स्याङ्जा र कास्की जिल्लाका सदरमुकामहरूबाट सहज रूपमा पुग्न सकिने यो क्षेत्रलाई योग, ध्यान र साधनाकेन्द्रका रूपमा विकसित गर्न सकिने देखिन्छ । प्रसिद्ध पन्चासे क्षेत्रको प्राकृतिक, वैदिक तथा सांस्कृतिक विशेषताका बारेमा विमर्श गर्नुका अतिरिक्त पन्चासे क्षेत्रमा पर्यटन प्रबर्द्धन तथा आर्थिक विकासको सम्भाव्यता पहिचान गर्ने जस्ता उद्देश्य पूरा गर्नेगरी यो आलेख तयार गरिएको छ । पन्चासे क्षेत्रको सांस्कृतिक, पौराणिक तथा प्राकृतिक विशेषता केकस्तो रहेको छ ? पन्चासे क्षेत्रमा पर्यटन व्यवसायका केकस्ता सम्भावना तथा चुनौतीहरू रहेका छन् ? यहाँका सम्पदाहरूको वर्तमान सन्दर्भमा केकति महत्त्व रहेको छ ? भन्ने जस्ता समस्याकथनमा केन्द्रित रही यस क्षेत्रका बारेमा प्रकाशित विभिन्न पुस्तकहरू, बुद्धिजीवीहरूका राय तथा परामर्श, स्थलगत अवलोकनलगायतबाट प्राप्त सूचना साथै प्रचलित जनश्रुतिहरूको सङ्कलन गरी प्राप्त सूचना तथा तथ्यहरूका आधारमा पुस्तकालयीय विधिको समेत प्रयोग गरी वर्णनात्मक र विश्लेषणात्मक ढाँचामा यो आलेख तयार गरिएको छ ।

*शब्दकुन्जी :* कुटी, जैविकविविधता, पर्यटन, पन्चासे, सिद्धथान

## विषयप्रवेश

प्रकृतिका सुन्दर सिर्जनाहरू वनजङ्गल, डाँडापाखा, हिमाल, पहाड र तालतलैयाहरूको कारण आजको पृथ्वी मानव जाति र सम्पूर्ण प्राणीका लागि महत्त्वपूर्ण र उपयुक्त स्थल बनेको छ । प्रकृतिको यसै वरदानका खातिर नै मानव समुदायले प्रकृतिलाई पूजा र सम्मान गर्दै आइरहेको पाइन्छ । प्रकृतिप्रदत्त ढुङ्गा, माटो, विविध वृक्ष, पशुपङ्क्षी, नदीनाला, ताल, पोखरी, खोला, सूर्य, चन्द्र आदिलाई मानव समुदायले आफ्नो उत्पत्तिका स्रोत मान्दै तिनका निम्ति यज्ञ र उपासना, स्नेह, सम्मान र आराधना गर्ने गरेको पाइन्छ (दीक्षित, २०५८) । यस्तै एउटा प्रकृतिको उपहार पन्चासे क्षेत्र हो । पर्वत, स्याङ्जा र कास्की जिल्लाको सीमानामा पर्ने एउटा प्रसिद्ध पर्यटकीय स्थल पन्चासे पर्वत जिल्लाकै मात्र नभएर गण्डकी प्रदेश र नेपालकै समेत प्रमुख पर्यटकीय स्थलका रूपमा स्थापित भएको र पर्यटकीय विकासको उच्च सम्भावनायुक्त क्षेत्रका रूपमा रहेको छ । समुन्द्र सतहबाट २५१७ मिटर उचाइसम्म फैलिएको यो उच्च पहाडी श्रृङ्खला पाँचवटा ताल, पाँचवटा पहाड र पाँचवटा नदीको उद्गमस्थल समेत हो । हाम्रा ऋषिमुनिहरूले वेदका हरफहरू पन्चासेमा बसेर लेखेका थिए भन्ने कुरा विभिन्न अनुसन्धानहरूबाट फेला परेको देखिएको छ (मिलर, सन् २०११) । यसले यो क्षेत्रको पौराणिक महत्त्व बारेमा प्रष्ट हुन्छ ।

यो क्षेत्र एक महत्त्वपूर्ण धार्मिक, ऐतिहासिक र मनोरम प्राकृतिक स्थलका रूपमा चर्चित छ । पन्चासे क्षेत्रको केही भाग पर्वत जिल्लाको कुस्मा नगरपालिका वडा नं. १४, मोदी गाउँपालिका वडा नं. ७ र ८, स्याङ्जा जिल्लाको फेदीखोला गाउँपालिका वडा नं. ४ र ५, आँधीखोला गाउँपालिका वडा नं. ४ र पोखरा लेखनाथ महानगरपालिका वडा नं. २२ र २३ एवम् अन्नपूर्ण गाउँपालिका वडा नं. ४ मा पर्दछ । पन्चासे क्षेत्र ५७७५.७३ हेक्टर क्षेत्रफलमा फैलिएको छ (जि. वि. स., पर्वत, २०७०) । पन्चासे क्षेत्रसँग जोडिएका पालिकाहरू बिचमा आपसी समन्वय र सहकार्य गरी यस क्षेत्रलाई एक आकर्षक पर्यटकीय गन्तव्यस्थलका रूपमा विकास गर्न सकिने सम्भावना रहेको छ ।

एकै ठाउँबाट सबैभन्दा धेरै सुन्दर हिमालहरू तथा मनोरम प्राकृतिक सौन्दर्यको दृश्यावलोकन गर्न पाइने, सूर्योदय र सूर्यास्तको दृश्य देख्न सकिने, फेवाताल र पोखरालगायत कास्की, स्याङ्जा र पर्वत जिल्लाका धेरै सुन्दर बस्तीहरूको अवलोकन गर्न सकिनेजस्ता विशेषताहरू रहेको यो क्षेत्र जैविक विविधताले समेत भरिपूर्ण छ । एउटै विन्दुबाट धवलागिरि, अन्नपूर्ण हिमश्रृङ्खलादेखि गणेश हिमालसम्मका धेरै हिमालहरूको दृश्य अवलोकन गर्न सकिने पन्चासे क्षेत्र आन्तरिक तथा बाह्य पर्यटकका लागि प्रमुख रोजाइको क्षेत्रका रूपमा परिचित छ । सुन्दर र शान्त प्राकृतिक वातावरणभित्र रमाउन चाहने मानिसहरूलाई योग, तप र ध्यानका लागि पनि यो क्षेत्र प्रख्यात छ ।

स्वदेशी तथा विदेशी धेरै व्यक्तिहरूले यसको धार्मिक महत्त्वका बारेमा केही अध्ययन गरेका छन् । पन्चासे क्षेत्रको हावापानी लेकाली हावापानीसँग मिल्दोजुल्दो खालको रहेको छ । पन्चासेलाई कतिबेला बादलको घुम्टोले ढपक्कै ढाकेको हुन्छ । चराहरूको

**Article information**
**Received:** 10 September 2023
**Accepted:** 26 Septeber 2023
**Published:** 9 October 2023

© by author: This article is licensed under the terms and condition of Creative Commons Attribution Non-commercial (CC BY NC) License (https://creativecommons.org/licenses/by-nc/4.0/)

चिरबिर आवाजले यहाँ पुग्ने जोकोहीलाई मन्त्रमुग्ध बनाउँछ। यहाँ हिमालबाट बहने चिसो हावा कहिले हिउँ बनेर फुसफुस झरेको हुन्छ त कहिले पानीका रूपमा बर्सिएको देखिन्छ। यो नै पन्चासेबाट प्रत्यक्षतः देखिने सुन्दर दृश्य हो । विक्रम सम्वत् २०६८ फागुन १५ गतेका दिन नेपाल सरकारले पन्चासेलाई संरक्षित वनका रूपमा घोषणा गरेकाले यसको विकास र संरक्षणका लागि वार्षिक रूपमा केही मात्रामा बजेट प्राप्त हुने गरेको कुरा स्थानीय बासीहरूले बताएका छन्। विगतमा पन्चासे क्षेत्रको वरपर रहेका साविकका गा. वि. स. मा गठित सामुदायिक वनहरूले यसको पूर्ण रूपमा संरक्षण गर्न नसकेकोले नेपाल सरकारले संरक्षित वन घोषणा गरेपछि साविकमा कायम रहेका सबै सामुदायिक वनहरूको एकीकृत छाता सङ्गठनका रूपमा पन्चासे संरक्षित वन उपभोक्ता समितिको गठन भएको हो। यसै समितिले यो क्षेत्रको संरक्षण गर्दै आइरहेको छ। पन्चासे क्षेत्र वरपर रहेका साविकका नौ वटा गा. वि. स. का सामुदायिक वन उपभोक्ता महासंघअन्तर्गतका उपभोक्ताहरूको समूहबाट छनोट भई आएका प्रतिनिधिहरूबाट पन्चासे संरक्षित वन उपभोक्ता समितिको गठन हुने गर्दछ।

## समस्याकथन

गण्डकी प्रदेश पर्यटकीय विकासको दृष्टिले उच्च सम्भावना बोकेको क्षेत्रका रूपमा परिचित छ । यस प्रदेशमा पर्यटकीय विकासको सम्भावनाका दृष्टिले महत्त्वपूर्ण मानिने दर्जनौं स्थलहरू रहेका छन्। पन्चासे क्षेत्र यो प्रदेशकै महत्त्वपूर्ण पर्यटकीय स्थलका रूपमा स्थापित हुन सक्ने देखिन्छ। विभिन्न पौराणिक साहित्यमा यस क्षेत्रका बारेमा चर्चा गरिएको पाइनुले यसको पौराणिक महत्त्व समेत रहेको छ। विभिन्न पर्वहरूमा हजारौं मानिसहरू मेला भर्न जाने क्षेत्र भएकाले यसको विशिष्ट सांस्कृतिक पहिचानसमेत रहेको छ भने लेकाली हावापानी र जैविक विविधताले समेत महत्त्वपूर्ण मानिने यो क्षेत्र सुन्दर प्राकृतिक स्थलका रूपमा पनि परिचित छ। प्राकृतिक र भौगोलिक रूपमा देखिने सुन्दरतालाई स्थलगत अवलोकनबाट अनुभूत गर्न सकिन्छ। तर पन्चासेसँग जोडिएका पौराणिक तथा वैदिक सन्दर्भहरूलाई प्रमाणित गर्ने प्रशस्त वैज्ञानिक आधारहरू पाइँदैनन्। पन्चासे क्षेत्रको यही विशेषतालाई उजागर गर्ने गरी मूलतः निम्न समस्याकथनमा आधारित रहेर यो आलेख तयार गरिएको छ :

- पन्चासे क्षेत्रको सांस्कृतिक, पौराणिक तथा प्राकृतिक विशेषता केकस्तो रहेको छ ?
- यस क्षेत्रमा पर्यटन व्यवसायका केकस्ता सम्भावना तथा चुनौतीहरू रहेका छन् ?
- यस क्षेत्रमा रहेका सम्पदाहरूको वर्तमान सन्दर्भमा केकति महत्त्व रहेको छ ?

गण्डकी प्रदेश सरकारले पन्चासे क्षेत्रलाई आकर्षक गन्तव्यस्थलका रूपमा घोषणा गरेको छ। यो क्षेत्रसँग जोडिएका स्थानीय तहहरूले पनि पर्यटनका सम्भावनाहरू खोज्नका लागि यो क्षेत्रलाई उच्च प्राथमिकतामा राखेको पाइएको छ । आफ्नो क्षेत्रमा रहेका यस किसिमका प्राकृतिक, सांस्कृतिक तथा पौराणिक महत्त्व बोकेका सम्पदा स्थलहरूको व्यापक प्रचारप्रसार गर्न सकेमा आन्तरिक तथा बाह्य पर्यटनको समेत विकास गर्न सकिने र स्थानीय तहमा सांस्कृतिक, ग्रामीण तथा पर्यापर्यटनको समेत प्रवर्द्धन गर्न सकिने भएकोले यस क्षेत्रसँग सम्बन्धित स्थानीय तहहरूलाई आवश्यक नीति तथा कार्यक्रम बनाई अगाडि बढ्नका लागि सुझाइएको छ।

## अध्ययनविधि

उद्देश्यमूलक नमूना छनोट विधिको प्रयोग गरी गण्डकी प्रदेशअन्तर्गतका तीनओटा जिल्लाको सङ्गमस्थलका रूपमा रहेको पन्चासे क्षेत्रलाई सूचनाप्राप्तिको स्रोतका रूपमा चयन गरिएको छ । विभिन्न प्रकाशित साहित्यको अध्ययन, स्थानीय बासीका धारणा, स्थानीय क्षेत्रमा प्रचलित जनश्रुति एवम् लेखक स्वयम्द्वारा पन्चासे क्षेत्रको विभिन्न समयमा गरिएको स्थलगत अवलोकनजस्ता माध्यमबाट सूचना तथा तथ्यहरू सङ्कलन गरी वर्णनात्मक, व्याख्यात्मक र विवरणात्मक शैलीमा पुस्तकालयीय विधिको समेत प्रयोग गरी यो आलेख तयार गरिएको छ।

## सैद्धान्तिक आधार

नेपाल विविध प्राकृतिक, सांस्कृतिक, धार्मिक तथा ऐतिहासिक सम्पदाका दृष्टिले विश्वमै प्रख्यात राष्ट्रका रूपमा परिचित छ । नेपालमा रहेका यिनै सम्पदास्थलहरूको दृश्यावलोकन तथा अध्ययन अनुसन्धानका लागि बर्सेनी लाखौं विदेशीहरू पर्यटकका रूपमा नेपाल भ्रमणका लागि आउने गर्दछन्। यसबाट आन्तरिक पर्यटनमा पनि विस्तारै वृद्धि हुँदै गएको छ। पर्यटन व्यवसायको विकास र विस्तार तथा प्रवर्द्धनका लागि पर्यटकीय महत्त्व बोकेका धार्मिक, पौराणिक, ऐतिहासिक तथा प्राकृतिक सम्पदास्थलको अध्ययन, अनुसन्धान गरी तीनको प्रचारप्रसार गरिनु आवश्यक देखिन्छ । यसबाट ग्रामीण पर्यटन, सांस्कृतिक पर्यटन तथा पर्यापर्यटनको विस्तार गर्न समेत सहयोग पुग्दछ।

ग्रामीण क्षेत्रमा विद्यमान संस्कृति, परम्परा एवम् जैविक विविधताको संरक्षण र सम्वर्द्धन गर्दै सञ्चालन गरिने पर्यटन नै ग्रामीण पर्यटन हो। ग्रामीण क्षेत्रमा रहेका प्राकृतिक, सांस्कृतिक र सामाजिक सम्पदा ग्रामीण पर्यटनका लागि विशेष महत्त्व राख्ने प्रमुख आधारहरू हुन् (पन्त, २०६८) । ग्रामीण पर्यटनका अभ्यासहरू विश्वभरी सफल एवम् दिगो रूपमा सञ्चालित छन्। विकसित देशहरूमा पनि ग्रामीण क्षेत्रमा बसोबास गर्ने न्यून आम्दानी भएका वर्गहरूका लागि आयआर्जनप्रति लक्ष्यित गरेर ग्रामीण पर्यटनका कार्यक्रमहरू सञ्चालित छन् । मलेसिया, थाइलैन्ड, भियतनाम, लावस र अफ्रिकी देशहरूमा पनि ग्रामीण समुदायमा आधारित पर्यटन विकासका अभ्यासहरू भएका छन्। भारतको सिक्किम र कालिमपोङमा समुदायमा आधारित रहेर भोटिया, लेप्चा र नेपाली समुदायमा ग्रामीण पर्यटनका विविध कार्यक्रमहरू सञ्चालित छन् (रेग्मी, २०६४) । दशौं पञ्चवर्षीय योजना (२०५९-२०६४) ले ग्रामीण पर्यटनलाई विशेष जोड दिएको छ (पन्त, २०६८)। यी तथ्यबाट विभिन्न आवधिक योजनाहरूले पनि यस किसिमका सम्पदास्थलहरूका माध्यमबाट पर्यटन विकासमा जोड दिने नीति ल्याएको देखापर्छ।

ग्रामीण क्षेत्रमा रहेका कला, संस्कृति, भाषा, भेषभूषा, जीवनशैली, आतिथ्यपन, पेसा र व्यवसायजस्ता कुरालाई पूँजीका रूपमा स्थापित गरी विदेशी तथा स्वदेशी पर्यटकलाई गाउँमा नै रमाउने र गाउँबासीलाई कमाउने अवसर प्रदान गर्ने व्यवसायको रूपमा ग्रामीण पर्यटन फस्टाउँदै गएको छ । स्थानीय ग्रामीण जनतासँग भएको स्रोतसाधन र सीप प्रयोग गरी आफ्नो परम्परागत संस्कृति, कलाकौशल, भेषभूषा, जीवनपद्धति र प्राकृतिक सौन्दर्यतालाई प्रदर्शन गरेर आफूसँग भएको ग्रामीण सम्पत्तिलाई पूँजी वा लगानी बनाएर न्यानो र चोखो आतिथ्य सत्कारले यान्त्रिक जीवनपद्धतिदेखि वाक्क भएका स्वदेशी तथा विदेशी पर्यटकहरूलाई प्रफुल्लित तुल्याई सरल तरिकाले ग्रामीण क्षेत्रको विकास गर्न सकिने सजिलो कार्ययोजना नै ग्रामीण पर्यटन हो (उपाध्याय रेग्मी, २०६४) ।

पन्चासे क्षेत्र र यसको आसपासका गाउँहरूमा यस किसिमका विशेषताहरू रहेको हुँदा ग्रामीण पर्यटन प्रबर्द्धनका प्रशस्त सम्भावनाहरू देखिएका छन् ।

ग्रामीण क्षेत्रमा पर्यापर्यटनको समेत ठूलो सम्भावना रहेको छ । यस क्षेत्रमा विद्यमान हिमाल, पहाड, झरना, तालतलैया, चराचुरूङ्गी, वन्यजन्तु, मौसम, जलवायु, वर्षा, भूबनोट, मानवस्वरूपजस्ता वस्तुहरू पर्यावरणअन्तर्गत पर्दछन् । यिनै पर्यावरणीय वस्तुहरूको अध्ययन अवलोकन गर्नका लागि सञ्चालित व्यवसाय नै पर्यावरणीय पर्यटन हो । विश्वमा पर्यावरणीय पर्यटन शब्दको सुरूवात सन् १९८३ मा सर्वप्रथम कोस्टारिकाबाट भएको हो । मेक्सीकोका पर्यटनविद् हेक्टर सेनालस लास्कुरेनले सन् १९८७ मा पर्यापर्यटनका सम्बन्धमा दिएको पहिलो परिभाषालाई विश्व पर्यटन सङ्गठनले अनुमोदन गरेको थियो । यो परिभाषाअनुसार कुनै केही कारणले नकारात्मक असर नपरेको, सफा वातावरणीय प्राकृतिक क्षेत्रमा स्वतन्त्र रूपले घुमफिर गरी आफ्नो उद्देश्य पूरा गर्ने कार्यलाई पर्यापर्यटन भनिन्छ (काफ्ले, सन् २०१६) । पन्चासे क्षेत्र पर्यापर्यटनका दृष्टिले पनि उच्च सम्भावना बोकेको क्षेत्रका रूपमा रहेको छ ।

ग्रामीण तहमा सांस्कृतिक पर्यटनको पनि त्यति नै ठूलो सम्भावना रहेको छ । ग्रामीण क्षेत्रमा रहेका मानव समुदाय, तिनीहरूका मौलिक क्रियाकलापहरू, कला, सङ्गीत, साहित्य, संस्कृति, वासस्थान र त्यसको निर्माणविधि, दैनिक जीवनयापनका प्रक्रियालगायत ग्रामीण संस्कृतिको अध्ययन अवलोकनका लागि गरिने पर्यटन व्यवसाय सांस्कृतिक पर्यटन हो (काफ्ले, सन् २०१६) । विभिन्न जातजाति, धर्म सम्प्रदाय र तिनीहरूका सांस्कृतिक चालचलन, ऐतिहासिक सम्पदास्थल, पुरातात्विक महत्त्वका वस्तुहरू, आर्थिक प्रणाली, जीवनशैलीजस्ता पक्षले सांस्कृतिक पर्यटनका लागि पनि सहयोग पुग्दछ । पन्चासे क्षेत्रको अध्ययन र अवलोकनबाट यहाँ पर्यापर्यटन, सांस्कृतिक पर्यटन तथा ग्रामीण पर्यटन विकासको बहुआयामिक सम्भावना रहेको देखिएको छ । नेपालको वर्तमान संविधानले पनि स्थानीय तहहरूलाई आफ्नो क्षेत्रभित्र रहेका सम्पदास्थलहरूको विकास र विस्तार गरी आन्तरिक राजश्वमा वृद्धि गर्दै स्थानीयबासीको जीवनस्तरमा देखिनेखालको परिवर्तन ल्याउन निर्देश गरेको छ ।

प्रस्तुत पूर्वअध्ययनलाई आधार बनाई पन्चासे क्षेत्रमा पर्यटन विकासका सम्भावनाहरूलाई पहिल्याउन खोजिएको छ । पन्चासे क्षेत्रको आसपासमा रहेका क्षेत्र र यहाँको पर्यटन विकासका सम्भावनाहरूलाई केन्द्रित गरी व्यापक अध्ययन अनुसन्धान गरिएको नपाइएकोले यो अनुसन्धानले उक्त अभावलाई पूरा गर्ने विश्वास गरिएको छ ।

## विश्लेषण र नतिजा

गण्डकी प्रदेशको सन्दर्भमा आन्तरिक तथा बाह्य पर्यटनको बलियो सम्भावना रहेको स्थलका रूपमा पन्चासे क्षेत्र रहेको छ । सांस्कृतिक, धार्मिक तथा पौराणिक महत्त्वका अतिरिक्त वैदिक सन्दर्भसमेत पन्चासेसँग जोडिएको पाइन्छ । यस खण्डमा पन्चासे क्षेत्रका यिनै विविध पक्षमा विमर्श गर्ने र यसका माध्यमबाट पर्यटन विकासका सम्भावना र चुनौतीहरूका बारेमा विश्लेषण गरिएको छ ।

### पन्चासे क्षेत्रको प्राकृतिक विशेषता

पन्चासे क्षेत्र प्राकृतिक, पौराणिक तथा सांस्कृतिक विविधताको पवित्र सङ्गमस्थलका रूपमा परिचित छ । मनोरम प्राकृतिक दृश्यहरूको अवलोकनस्थल, पाँच नदीको उद्गमस्थल, दुर्लभ जडीबुटीको क्षेत्र तथा धार्मिकस्थल गरी पन्चासेका चारवटा मुख्य विशेषताहरू रहेका छन् । यहाँबाट देखिने वरपरका पहाड, ताल, फाँट र खोलाहरूको दृश्यले जो कोहीको मन लोभ्याउँछ । यसका अतिरिक्त जङ्गलको बिचमा ११० मिटर लम्बाइ, २५ मिटर चौडाइ र १० मिटर गहिराइ भएको गोलाकार पन्चासे ताल कञ्चन रहेको छ (जि. वि. स. पर्वत, २०७०) । पानीको मूलको स्रोत नै पत्ता नलाग्ने यो पोखरी देखेर जो कोही पनि अचम्भित हुन्छन् ।

पन्चासेमा रहेको तालको निश्चलता र स्वच्छन्दता देखेर यहाँ पुग्ने जो कोहीले जीवनका लागि पाठ सिक्न सक्दछन् । यो पोखरीको वरपर बाक्लो जङ्गल रहेको भए तापनि पोखरीमा रूखका झरेका पातहरू एउटा पनि देखिँदैन । पोखरीमा खसेका पातहरू चराहरूले टिपेर लैजान्छन् भन्ने जनविश्वास यहाँ रहेको छ । यस तालमा वैशाख, जेठको समयमा पनि पानीको मात्रा प्रशस्त हुने गर्दछ । विक्रम सम्वत् २०७२ मा गएको महाभूकम्पले पोखरी वरपरको जमिन बढी हल्लाएकोले अहिले विगतमा जस्तै पोखरीमा पानीको मात्रा नभएको कुरा स्थानीयबासी बताउँछन् । स्थानीयबासीले पन्चासे क्षेत्रमा चरनका लागि छाडेका गाईबस्तु तथा चराचुरूङ्गीहरूले यही पोखरीको पानी खाने गर्दछन् । यो पोखरीको उत्तरपट्टि पनि यत्रै आकारको अर्को पोखरी छ । यसमा भने वर्षायाममा मात्र पानी जम्मा हुने गर्दछ । दुई पोखरीबिचको सानो पहाडको थुम्काले यी दुई पोखरीलाई छुट्टाएको छ ।

पन्चासेको ताललाई मानिसहरूले देवीको प्रतीकका रूपमा विश्वास गर्दछन् । देवीले सजीव प्राणीहरूलाई जलहरूका काखमा राख्दछिन् भन्ने लोकविश्वास रहेको छ । दिव्यचेतना धारण गर्ने देवीले हामीलाई शारीरिक तथा मानसिक जीवन प्रदान गर्दछिन् । यसै आधारमा पन्चासेमा लाग्ने मेलाका दिन भक्तजनहरूले यहाँको वाराही तालमा भेटी तथा पुष्पहरू अर्पण गर्दछन् । पन्चासे तालको पूर्वपट्टि केही अग्लो पत्थरमाथि पन्चासे सिद्धवराहको मन्दिर रहेको छ । साविक चित्रे गा. वि. स. स्थित सिद्धवराह युवा क्लबको संयोजनमा स्थानीय एवम् पोखरामा बसोबास गर्ने विभिन्न दाताहरूको सहयोगमा यस मन्दिरभित्र शिव, पार्वती र सिद्धवराहको मूर्ति राखिएको छ । यस मन्दिरमा नियमित पूजा नहुने भए तापनि बालाचतुर्दशी, शिवरात्रीजस्ता विशेष पर्वहरूमा पूजा हुने गर्दछ । यस क्षेत्रमा चरिचरनका लागि छाडिएका गाईबस्तुहरूले वरपर पानीका स्रोतहरू नभएकोले पनि हिउँदयाममा पानी खाने ठाउँ नै यही पन्चासेको ताल हो ।

पन्चासेको तालबाट करिब ४५ मिनेटजति हिँडेपछि गुरूङ टावरमा पुगिन्छ । पन्चासेको चुचुरोमा रहेको यस टावरबाट पन्चासे वरपरको सुन्दर दृश्यहरूको अवलोकन गर्न सकिन्छ । यस टावरमा बस्नका लागि एउटा सत्तल र फलामका बेन्चहरूको पनि व्यवस्था गरिएको छ । यसको नजिकै पन्चासे सुनाखरी गोपाल स्मृतिपार्कको निर्माण गरिएको छ । यस पार्कबाट पनि पर्वत, स्याङ्जा र कास्की जिल्लाका विभिन्न स्थानहरूको अवलोकन गर्न सकिन्छ । पन्चासे क्षेत्रको धार्मिक, सांस्कृतिक र जैविक विविधताको संरक्षण र प्रवर्द्धनका साथै राष्ट्रिय र अन्तर्राष्ट्रिय मञ्चमा यस क्षेत्रको पहिचान गराउन महत्त्वपूर्ण योगदान पुऱ्याएका प्रकृतिप्रेमी सामाजिक अभियान्ता साविक आर्थर डाँडाखर्क गा. वि. स. का पूर्व अध्यक्ष गोपाल गुरूङको स्मृतिमा यो पार्क निर्माण गरिएको र उनको मूर्ति यहाँ राखिएको छ ।

गोपाल स्मृतिपार्क नजिकै रहेको बौद्धस्तुपको समीपमा एउटा सत्तलजस्तो आकारको भग्नावशेष रहेको छ । यसलाई विगतमा साधु तथा योगीहरूले योगसाधना गर्नका लागि बनाइएको स्थान

हुन सक्ने अनुमान गर्न सकिन्छ । यसदेखि उत्तरपट्टि शिव पाञ्चायन मन्दिर, होमकुण्ड र एउटा गुफा रहेको छ । यहाँ एउटा हेलिप्याड पनि रहेको छ । हेलिप्याडको नजिकै केही वर्ष पहिलेसम्म एउटा भ्यूटावर रहेको थियो । यसै ठाउँमा अर्को नयाँ भ्यूटावर बनाउनका लागि पुरानो टावर भत्काइएको भए तापनि नयाँ टावर निर्माणको कार्य अगाडि बढेको छैन । हेलिप्याडको नजिकै सिद्धथान र शिव पाञ्चायन मन्दिरको बिचमा चारैतिर ढुङ्गाको पर्खाल लगाइएको पोखरीजस्तो देखिने ठाउँ रहेको छ । जमिनको माथिल्लो सतहबाट आठवटा सिँढी ओर्लिएर यो पोखरीजस्तो ठाउँमा जान सकिन्छ । यस ठाउँमा विगतका वर्षहरूमा बालाचतुर्दशी र शिवरात्रीमा भक्तजनहरू आई रात्रीमा बास बसी भजनकिर्तन गर्ने र धुनी जगाउने गर्दथे भन्ने कुरा स्थानीयबासी बताउँछन् । अग्लो ठाउँमा रात्रीमा बास बस्दा जाडो हुने र हावाले हान्ने हुँदा यसबाट बच्नका लागि गहिरो ठाउँ बनाइएको हुन सक्ने कुरामा विश्वास गर्न सकिन्छ । यो ठाउँको भौगोलिक बनोट अवलोकन गर्दा शिवरात्रीमा धुनी बाल्दा आगो उडेर बाहिर जान नपाओस् भन्नका लागि पनि यो ठाउँ बनाइएको हुन सक्ने देखिन्छ ।

पन्चासेबाट उत्पत्ति हुने हरपनखोला, अँधेरीखोला, रतीखोला, जहरेखोला र आँधीखोला कास्की, स्याङजा र पर्वत जिल्ला भएर बग्दछन् । यी खोलाहरूको साथै पोखरास्थित फेवातालको पनि मुहान पन्चासे क्षेत्र हो । यहाँस्थित अनेक प्रकारका हरियालीले मानिसलाई आकर्षित त गर्दछ नै यहाँबाट उत्पन्न भएको पानीको स्रोतले मानव र प्राकृतिक वातावरणलाई सिञ्चित गर्दछन् । यी खोलाहरूका कारण पन्चासे क्षेत्र वरपरका गाउँबस्तीमा रहेका फाँटहरूमा सिँचाइ सुविधा पुगेको छ ।

पन्चासे क्षेत्रलाई सुनाखरीको राजधानी पनि भनिन्छ । विभिन्न समयमा गरिएका अध्ययनअनुसार यहाँ १२५ प्रजातिका जङ्गली अर्किड/सुनाखरी पाइन्छन् । यसमध्येमा अन्त कतै पनि नपाइने पोखरा न्यानखेर र पन्चासे न्यानखेर नामका सुनाखरी यहाँ पाइन्छन् । पन्चासेमा लालीगुराँस, रहचन्, खस्रु, फलाँट, लोठसल्ला, चाँप, चिलाउने, उत्तिस आदि रूखका प्रजातिको बाहुल्यता रहेको छ । यहाँस्थित होटेलमा राखिएको बोर्डमा उल्लेख गरिएको विवरणअनुसार नागबेली, चिराइतो, गाइखुरे, बनलसुन, सतुवा, ऐसेलु, चुत्रोलगायतका १०७ भन्दा बढीका जडिबुटी पन्चासेमा पाइन्छन् । ९८ प्रकारका उन्युजन्य वनस्पति यहाँ पाइन्छन् । बाघ, चितुवा, बाँदर, लङ्गुर, चरीबाघ, चित्तल, भतुवा आदिजस्ता १९ थरी स्तनधारी जनावरको पनि बासस्थान पन्चासे क्षेत्र रहेको छ । यसै कारण पन्चासे क्षेत्रलाई जैविक विविधताको खानी भनिन्छ । पन्चासेको सुन्दर वनमा २६० भन्दा बढी प्रजातिका रैथाने र आगन्तुक चराचुरूङ्गीहरू पाइन्छन् । यहाँ पाइने विभिन्न वन्यजन्तु र चराचुरूङ्गीको प्यास मेटाउने काम यहाँ रहेको पोखरीले गर्दछ ।

**पन्चासे क्षेत्रको सांस्कृतिक विशेषता**

प्राकृतिक सुन्दरताले भरिपूर्ण पन्चासे क्षेत्र धार्मिक दृष्टिले पनि ज्यादै सम्पन्न रहेको छ । पन्चासे क्षेत्रमा अवलोकन गर्न आउने धार्मिक पर्यटकहरूले अत्यन्तै आस्था र विश्वासका रूपमा मान्दै आएको एउटा प्रसिद्धस्थल सिद्धथान हो । यहाँ रहेको सिद्धथान धेरै पुरानो मानिन्छ । सिद्धथान अग्लो पहाडको टाकुरामा रहेको छ । समुन्द्र सतहबाट २५२५ मिटरको उचाइमा अवस्थित पन्चासे टाकुरामा रहेको यो सिद्धथान आदिकालदेखि नै स्थानीयबासीले एक शक्तिपीठका रूपमा मान्दै आएका छन् । सुरूमा यस टाकुरामा रहेको ठूलो खस्रुको रूखको फेदमा पूजाआजा हुँदै आएकोमा पछि रूखकै समीपमा एक पौवा बनाएर पूजाआजा गर्न थालिएको हो । करिब दुईदशक यता पन्चासे क्षेत्र विकास समितिको पहलमा मन्दिर बनाई सोभित्र सिद्धबाबाको प्रतीकका रूपमा शिलाका शिवलिङ्ग स्थापित गरी पूजापाठ गर्ने गरिएको छ (शिसंविप्रसाविम, २०७८) । यसको पूर्वी खण्डमा अग्लो चट्टान रहेको छ । यसको वरपर केही ओढारहरू छन् । यिनै ओढारहरूमा बसेर विगतमा योगीहरूले योगसाधना र ध्यान गरेका हुन सक्ने अनुमान गर्न सकिन्छ । सिद्धथानमा विभिन्न पर्व र अवसरमा मानिसहरू आई पूजा गर्ने गर्दछन् । सिद्धथानको वरपर ध्वजा पताका र दर्शनार्थीहरूले चढाएका सयौं कलस र घण्टीहरू यत्रतत्र छरिएर रहेको देखिन्छ । सिद्धथानमा विक्रम सम्वत् २०६० मा ज्ञानेन्द्रविक्रम महत र मीना महतले चढाएको शिवलिङ्ग स्थापित गरिएको छ । शिवलिङ्ग रहेको ठाउँमा पहिला छानो रहेको भए तापनि अहिले (२०७८ माघसम्म) छानो रहेको छैन । सिद्धथानमा रहेको यस मन्दिरको छानो छाउँदा बारम्बार बज्र परिरहने भएकोले छाना छाउन तत्परता नदेखाइएको हो भन्ने भनाइ यहाँ रहेको छ । शिवलिङ्ग स्थापित गरिएको स्थल अत्यन्त जीर्ण अवस्थामा रहेको देखिन्छ । सिद्धथानको चारैतिर बत्ती बाल्नका लागि दियो राखिएका छन् । यस शिवलिङ्गको दक्षिणपट्टि कास्की जिल्ला साविक भदौरे गा. वि. स. ५ निवासी टेकबहादुर लामगादे वि.क. ले चढाएको फलामे धातुबाट निर्मित ३० किलो बराबर (त्रिशुलमा लेखिएको व्यहोराअनुसार) तौलको त्रिशुल रहेको छ ।

बालाचतुर्दशीका दिन पन्चासेको तालमा स्नान गरी यहाँदेखि सिद्धबाबाको मन्दिरसम्म सत्बीज छर्ने गरिन्छ । पन्चासे तालमा स्नान गरी सिद्धबाबाको मन्दिरमा पूजा गरेपछि अर्को जन्ममा खानेकुराको अभाव नहुने र भोकै बस्न पर्दैन भन्ने विश्वास स्थानीयबासीमा रहेको छ । दोस्रो विश्वयुद्धमा लड्न जाने नेपाली सैनिकहरूका परिवारले आफ्ना छोराहरूलाई कुनै पनि किसिमको विघ्नवाधा नपरोस्, युद्धमा पराजित हुन नपरोस् र युद्धबाट सकुशल फर्केर आऊन् भनी यहाँस्थित सिद्धबाबाको थान र वराहतालमा पूजा गर्ने गर्दथे । यसैकारण पनि यस क्षेत्रबाट युद्ध लड्न जाने सैनिकहरूको धेरै क्षेति भएको थिएन भन्ने विश्वास यहाँ रहेको पाइन्छ (आर्थरनिवासी भिमप्रसाद गुरूङसँग २०७७ असोजमा गरिएको कुराकानी) । सिद्धबाबा मन्दिर नजिकै बौद्धस्तुप रहेको छ । बौद्धमार्गीहरूले पनि यहाँ विभिन्न समयमा आई पूजा गर्ने गर्दछन् । यसबाट पनि यो पन्चासे क्षेत्र हिन्दूमार्गी र बौद्धमार्गी दुबैको अनुपम सहिष्णुताको सङ्गमस्थलका रूपमा रहेको तथ्य प्रष्ट हुन्छ ।

पन्चासे क्षेत्रमा महाभारतकालीन पात्रहरूसँग जोडिएका लोकआवाज तथा लोककथनहरू पनि पाइन्छन् । भगवान् श्रीकृष्ण, उनका साथी सुदामा र गोपिनीहरूका कथा प्रसङ्गहरू पन्चासे क्षेत्रका विभिन्न स्थलहरूसँग जोडिएका छन् भन्ने किम्वदन्ती रहेको छ । आर्थरको काहुले गाउँ तथा साहिस्वाँरादेखि करिब ३ किलोमिटर उत्तरतर्फ पन्चासे टाकुराको करिब ५०० मिटर तल आर्थरतर्फ झर्ने बाटोमा कृष्ण सुदामा मन्दिर रहेको छ । पन्चासे वाराही भजन किर्तन मण्डली नामक धार्मिक संस्थाले यो मन्दिरको निर्माण कार्य अगाडि बढाएको थियो । काहुले निवासी मनोजकुमार पौडेलबाट सौजन्यस्वरूप प्राप्त राधाकृष्ण र सुदामाको पत्थरयुक्त मूर्ति मन्दिरभित्र राखिएका छन् । कुस्मा नगरपालिका र काहुलेका स्थानीयबासीको जनश्रमदानमा यो मन्दिर निर्माण गरिएको छ । मन्दिर क्षेत्रको अन्य भौतिक पूर्वाधार निर्माणका लागि जिल्ला भूसंरक्षण कार्यालय र नेपाल विद्युत प्राधिकरण पर्वत वितरण केन्द्रबाट समेत आर्थिक सहयोग प्राप्त भएको छ । यो मन्दिरनजिकै काहुले निवासी लालबहादुर बानियाँ क्षेत्री र मिना बानियाँ क्षेत्रीले व्यक्तिगत खर्चमा निर्माण गरेको अर्को मन्दिरमा लक्ष्मीनारायण,

शिव पार्वती र गणेश भगवान्‌को मूर्ति स्थापना गरिएको कुरा आर्थर निवासी डिल्लीराम शर्मा बताउँछन् ।

यो नयाँ मन्दिर बन्नुभन्दा अगाडि परापूर्वकालदेखि नै अहिलेको मन्दिरभन्दा पूर्वी मोहडा दहखर्कतर्फ ढुङ्गैढुङ्गाले बनेको तुलसीको मठजस्तै ठूलो आकारको मठ थियो । स्थानीयबासीले यसै मठलाई सुदामा मठ मानेर पूजाआजा गर्ने गर्दथे । पन्चासेमा बर्सेनी लाग्ने मेलामा पन्चासे सिद्धवराह तथा माहिला वराहमा पूजा गर्न जाने तथा पन्चासेको तालदेखि गुफा, ऋषिआश्रम हुँदै सिद्धबाबाको मन्दिरसम्म बालाचतुर्दशीका समयमा सत्‌बीज छर्ने र मेला भर्ने आर्थर, सिदाने र सरादीतर्फका तीर्थयात्रीहरूले यो मठमा धुप, दीप बाल्ने र ध्वजापताका चढाउने गर्दछन् । यसै मठमा भगवान् श्रीकृष्णका सखा सुदामाको झुपडी थियो भन्ने विश्वास गरिन्छ । यही मठ रहेको ठाउँमा नयाँ मन्दिर निर्माणका क्रममा जमिन सम्याउँदा ओखल आकारको शिला भेटिएको छ । सुदामाले श्रीकृष्णलाई दिएको कनिका यही ओखलमा पिनिएको थियो भन्ने विश्वास स्थानीबासीमा रहेको कुरा कृष्ण सुदामा मन्दिरका पुजारी ढाकाराम पाध्या बताउँछन् । यो ओखल अहिले पनि यहाँ देख्न सकिन्छ ।

यो सुदामा मन्दिर रहेका आसपास ठूलाठूला २२ ओटा खर्कहरू रहेकोले यस क्षेत्रमा विगतमा ठूलो गाईपालन हुन सक्ने अनुमान गर्न सकिन्छ । भगवान् श्रीकृष्णको बाल्यकालमा गाई चराउने ठाउँ यिनै खर्कहरू हुन् भन्ने विश्वास स्थानीयमा रहेको पाइन्छ । सुदामा मन्दिरको ठीक पूर्वपट्टि रहेको दहखर्कमा अहिले पनि ठूलो पोखरी छ । यो दहखर्कमा विगतमा एउटा तलाउ रहेको र त्यही तलाउमा भगवान् श्रीकृष्णलगायत उनका साथीहरू जलक्रिडा गर्ने गरेका कथनहरू स्थानीयबासी सुनाउँछन् । यो तलाउ रहेको ठाउँमा बगालथोक निवासी हिरा पाध्याले निर्माण गर्न लगाएको चौतारी र पोखरी रहेको छ । योभन्दा केही पूर्वपट्टि यिनै पाध्याले एउटा ठाँटी निर्माण गरी त्यहीँ साधना गरेकी थिइन् भन्ने भनाइ रहेको छ । यो ठाँटीमा अलि बल गरेर हिँड्दा धातु बजेजस्तो आवाज आउने हुँदा यसभित्र धातुका भाँडामा गाडधन हुन सक्ने कुरा अहिले पनि स्थानीयबासी बताउँछन् । दहखर्कको दक्षिण पूर्वपट्टि भगवान् श्रीकृष्ण खेल खेल्ने गरेको अत्यन्तै सुन्दर र मनोरम देखिने कृष्णपाखो (कृषिपाखो) रहेको छ । यस नजिकै जगरतला भीर रहेको छ । यो भीर हेर्दाखेरी प्राकृतिक रङ्गशालाजस्तै देखिन्छ । धनुर्विद्या सिक्नका लागि पोजिसन लिने र निशाना लगाउने ठाउँहरू दुरूस्त देख्न सकिन्छ । यसै ठाउँमा भगवान् श्रीकृष्णले धनुर्विद्याको अभ्यास गरेको विश्वास गरिन्छ ।

कृष्णपाखोको दक्षिण पूर्वपट्टि गोपेको पाखो रहेको छ । गुराँस फुल्ने मौसममा नवदुलही जस्तै देखिने यो पाखोमा श्रीकृष्णले बाँसुरी बजाएपछि गोपिनी र ग्वालाहरू दौडेर पुग्थे भन्ने कथन रहेको छ । सुदामा मन्दिरको पश्चिमतर्फ बाह्रै महिना पानीको स्रोत भएको हराभरा र रसिलो मनमोहक देखिने हिलेखर्क छ । यस खर्कमा सुदामाले पानी भर्ने र गोपिनीहरूले स्नान गर्ने गरेको पँधेरो रहेको छ । फराकिलो घाँसे मैदानयुक्त यो खर्क गाईपालनको केन्द्र भागमा पर्दछ । यो खर्कको उत्तरपट्टि पन्चासे टाकुरा रहेको छ भने उत्तर पश्चिममा बिना मूलको कञ्चन पन्चासे ताल रहेको छ । यो खर्क भगवान् श्रीकृष्ण र सुदामाको अत्यन्तै प्रिय ठाउँ रहेको विश्वास स्थानीयबासीमा रहेको छ । हिलेखर्क र मेथिनीखर्कको ठीक बिचमा माझखर्क भन्ने ठाउँ छ । यो माझखर्क श्रीकृष्ण र ग्वालाहरूको खाजा खाने ठाउँ हो भन्ने विश्वास रहेको छ । माझखर्कको पश्चिमपट्टि बिहानदेखि बेलुकासम्म घाम लागिरहने पहारिलो र फराकिलो मेथिनीखर्क रहेको छ । यो खर्क गाईपालनको केन्द्रका रूपमा रहेको थियो । पहारिलो भएकोले दही जमाउन र मथ्नका लागि उपयुक्त हुने भएकोले दही मथ्ने खर्कका नामबाट यसको नाम मेथिनीखर्क रहेको विश्वास गरिन्छ ।

पन्चासे टाकुरामा अवस्थित सिद्धथानबाट आर्थरतर्फ जाने बाटोमा सुदामा मन्दिरको उत्तरपट्टि खर्सुको अत्यन्तै बाक्लो र ठूलाठूला रूखहरूको छहारिमा वराह देवताको थान रहेको छ । यहाँस्थित वराहलाई माहिली वराह भनिन्छ । यहाँ भाकल गरिएअनुसार पूजा गरेपछि मनोकाङ्क्षा पूरा हुने विश्वास स्थानीयमा रहेको छ । यी वराह र डहरेदेउरालीस्थित साँहिली वराह दिदीबहिनी हुन् भन्ने गरिन्छ । कुनैकुनै अँध्यारो रातमा साँहिली वराह दिदीलाई भेट्नका लागि डहरेदेउरालीबाट आगोको ज्वालारूप धारण गरी माहिली वराह भएको ठाउँमा आएर खस्ने गरेका दृश्यहरू देखिने गरेको कुरा स्थानीयबासी बताउँछन् । वराहथानबाट तल झर्ने बाटोमा सुदामा मन्दिरभन्दा केही तल ढुङ्गैढुङ्गाको पहाड भएको ठाउँमा ढुङ्गेदेउराली छ । पन्चासे जाने र त्यहाँ पुगेर फर्कने तीर्थयात्रीहरूले पन्चासेमा जाँदा बाटोमा कुनै पनि विघ्नवाधा नपरोस् र यात्रा सफल होस् भनी र फर्कने क्रममा यात्रा सकुशल भएकोमा धन्यवादस्वरूप ढुङ्गा चढाउने गर्दछन् ।

### पन्चासे क्षेत्रको पौराणिक विशेषता

पन्चासे क्षेत्रको वैदिक तथा पौराणिक महत्त्व समेत रहेको छ । पन्चासेको वैदिक परम्परा र यहाँको विशेषताका बारेमा लेखिएका दस्तावेजहरूका आधारमा प्रमाणित तथा वैज्ञानिक तथ्यहरू त फेला पार्न सकिँदैन । तर पनि यहाँका योगकुटीहरूबाट योगसाधना गर्दा हुने अनुभवबाट यहाँको वैदिक संस्कृतिका बारेमा अनुमान गर्न सकिन्छ । पूर्वीय दर्शनका प्रमुख ग्रन्थहरू पुराण र वेदहरूसँग पन्चासेको सम्बन्धका बारेमा पनि केही खोज तथा अनुसन्धानहरू भएको पाइन्छ । विदेशी अन्वेषणकर्ता ग्यारी मिलरले पन्चासे र वैदिक ग्रन्थको सम्बन्धमा एक अनुसन्धान गरेका छन् । यस अन्वेषणअनुसार पन्चासे पञ्चधामको संस्कृतिका जराहरू वेदसँग जोडिएका छन् । भार्वी नाम गरेका ऋषिले ऋग्वेदको मण्डला ५ सूक्त १९ को ऋचा यही पन्चासेका कुटीमा बसेर लेखेका हुन् भनिन्छ । किनकि त्यहाँ भनिएको सेतो चम्किलो आभालाई अन्नपूर्ण हिमालको प्राकृतिक दृश्यसँग तुलना गर्न सकिन्छ । जुन पन्चासेको कुटीबाट मात्र देख्न सकिन्छ (मिलर, सन् २०११) । यसकारण पनि पन्चासेको शिरलाई दैवीशक्तिको केन्द्र मान्न सकिने आधारहरू देखिन्छन् ।

पन्चासेमा लाग्ने मेला हजारौँ वर्ष पुरानो मानिन्छ । वैदिक युगमा हिमाल र पहाडहरूलाई पूजा गर्ने चलन थियो जुन अद्यापि कायम रहेको छ । पन्चासेको पहाड अर्थात् चुचुराहरूमा अन्नले पूजा (सत्‌बीज रोपण) गर्नुभन्दा पूर्व यहाँ रहेको सुन्दर सफा तलाउमा पूजा गरिन्छ । पन्चासेमा बालाचतुर्दशीका दिन सत्‌बीज रोपण र पूजा गर्ने प्रचलन वैदिक कालदेखि नै चलेको मानिन्छ । गण्डकी प्रदेशको प्रमुख पर्यटकीय गन्तव्यस्थलको रूपमा रहेको यस पन्चासे क्षेत्रमा अवस्थित सिद्धबाबाको मन्दिरमा हरेक वर्षको मङ्सिर कृष्णचतुर्दशी (बालाचतुर्दशी) का दिन मेला लाग्ने गर्दछ । बालाचतुर्दशीमा यहाँ छरेको सत्‌बीज पितृहरूले प्राप्त गर्दछन् भन्ने विश्वास रहेको छ । यसै दिन कोटीहोम पनि गर्ने प्रचलन यहाँ रहेको छ । हरेक वर्ष वालाचतुर्दशी, शिवरात्री, फागुपूर्णिमा तथा बुद्धपूर्णिमाका दिनमा मेला लाग्ने यो स्थानमा धार्मिक पर्यटकको ठूलो घुइँचो लाग्दछ । सिद्धबाबा मन्दिर, बुद्ध विहार, वराह मन्दिर र शिव मन्दिरले घेरिएको यो स्थल पौराणिककालमा च्यवन ऋषिको तपोभूमि रहेको थियो भन्ने विश्वास गरिन्छ (धौसने एवम् नेपवो,

२०७७) । पन्चासे क्षेत्रमा यस किसिमका कुटीहरू रहेकोले पनि यो कथनप्रति विश्वस्त हुन सकिन्छ ।

**पन्चासे क्षेत्रको वैदिक विमर्श**

पन्चासेको पहाडलाई हिममाताको रूपमा वैदिक ग्रन्थहरूमा उल्लेख गरिएको छ । जसरी आमाले हाम्रो पालनपोषण गर्दछिन् त्यसरी नै पन्चासेबाट देखिने अन्नपूर्ण, मनास्लुलगायतका हिमश्रृङ्खलाहरू जुन पानीका स्रोतहरू मानिन्छन्, तिनीहरूले नै पानी प्रदान गरी अन्न उब्जाउनमा सहयोग गर्दछन् । हिमालमा रहेका पानीका मुहानहरूलाई पूजा गरिएजस्तै पन्चासेमा लाग्ने मेलाका दिन यहाँ रहेका पानीका मुहान साथै आर्थर गाउँमा बग्ने पानीको मुहानलाई पनि पूजा गरिन्छ । ऋग्वेदका कयौँ सूक्तहरूमा पहाड र हिमालहरूलाई शक्ति र जीवनको आधारका रूपमा उल्लेख गरी अन्न चढाएर पूजा गर्ने कुरा उल्लेख गरिएको छ । यसकारण पनि पन्चासेको परम्परा र यहाँ गरिने पूजाआजाको सम्बन्धलाई नियाल्दा पन्चासेको जरा वेदसँग जोडिएको मान्न सकिन्छ ।

अन्वेषकहरूले उल्लेख गरेअनुसार पन्चासेलाई पवित्र हिमालय आमाका पाँच आसनका रूपमा मानिएको छ । संस्कृतमा पञ्च (Panch) को अर्थ पाँच, आसन (Asana) को अर्थ योगका आसन र ए (Ee) को अर्थ नारी प्रतीक भन्ने हुन्छ । पन्चासेमा रहेका पाँचवटा चुचुराहरूको अर्थ पाँच आसनहरू नै हुन् भनी मान्न सकिन्छ । योग विद्याका अनुसार सोच, अनुभव र चेतना तीन आसनहरू हुन् भने सोचाइको माथिको अन्य कुरा एउटा आसन हो र चेतनाभन्दा तलका सबै कुरा अर्को आसन हो (मिलर, पूर्ववत्) । पन्चासेमा लाग्ने मेलाका दिन यहाँ रहेका पाँचवटा चुचुराहरू पार गर्नु र यिनीहरूको पूजा गर्नुको अर्थ योगका यिनै पाँचवटा आसनहरूको अनुभव गर्नु पनि हो भनिन्छ । योगी तथा ऋषिमुनीहरूले हिमालयका ठूला पत्थरहरू एवम् गुफाभित्र बसेर ध्यानका माध्यमबाट मन्त्रोच्चारणका प्रभावले विभिन्न ज्ञान प्राप्त गर्दथे भन्ने कुरा वेद तथा पौराणिक ग्रन्थहरूमा बताइएको छ । ऋगवेदको मण्डल १, सूक्त ७१ को ऋचा २ मा यस्तो उल्लेख गरिएको छ :

वीडु चिद्डहा पितरोन उक्थैरद्रीं रूजन्नङ्गिरसो रवेण ।
चक्रुर्दिवो वृहतो गातुमस्मे अहः स्वविर्दु केतुमस्ना ।

अर्थात् अत्यन्त विकराल र पर्वतजस्तो बलियो अज्ञानरूपी अन्धकार नामका असुरलाई हाम्रा पुर्खा अङ्गीराले मन्त्रको शब्दले नै नष्ट गरे । त्यसबेला आकाश मार्गबाट ज्योतिका रूपमा सूर्यले र ध्वजाका रूपमा किरणले सम्पन्न दिवस हामीले पायौँ (लुईटेल, २०६३) । यस ऋचामा रहेको ठूला पत्थर र गुफाको तुलना पन्चासेमा रहेको सिद्धबाबाको गुफासँग गर्न सकिन्छ । यहाँ योगीहरू बसेर योगका नयाँनयाँ आसनहरू र तथ्य पत्ता लगाउँथे । मन्त्रोच्चारणका माध्यमबाट हामीले आफू बसेकै आसनलाई योगासन बनाउन सकिन्छ ।

पन्चासेमा रहेको सिद्धबाबाको गुफालाई पनि एक योगासन मानिन्छ । यसबाट पन्चासे र योगको सम्बन्ध रहेको कुरा पत्ता लगाउन सकिन्छ । भाँचिएका पहाडको सम्बन्ध ज्वालामुखी विस्फोटनसँग रहेको मानिँदै आएको छ । पन्चासेको पहाडमा जुन भाँचिएको आकृति देखिन्छ, यो हजारौँ वर्ष पहिले नै लोप भइसकेको ज्वालामुखीबाट बनेको हुन सक्ने अनुमान लगाउन सकिन्छ भन्ने कुरा मिलरले उल्लेख गरेका छन् । पोखराबाट पन्चासेतर्फ फर्केर हेर्दा यस किसिमको दृश्य देख्न सकिन्छ ।

पन्चासेको कुटीबाट हिमालय पर्वततिर फर्केर हेर्दा माछापुच्छे हिमाल अन्नपूर्ण हिमश्रृङ्खलाको मध्यभागमा अवस्थित देखिन्छ । त्यसको बिचको आसन र र हाम्रो हृदयको केन्द्रमा रहने शक्तिमा समानान्तर सम्बन्ध रहेको मानिन्छ । जसरी अन्नपूर्ण हिमालको बिचमा माछापुच्छे रहेको छ, त्यसरी नै हाम्रा दुईवटा काँधका बिचमा हाम्रो हृदय रहेको छ । हाम्री माताले हामीलाई आफ्नो हृदयमा लपेटेजस्तै अन्नपूर्ण हिमश्रृङ्खलाले माछापुच्छेलाई काख वा हृदयमा राखेजस्तो देखिने हुँदा माछापुच्छेको सांस्कृतिक वा वैदिक नाम 'मातापुत्र' रहेको र मातापुत्र भन्दै जाँदा यसको नाम माछापुच्छे रहन गएको हो भन्ने तथ्य बढी विश्वासिलो लाग्दछ । माछापुच्छेलाई अन्नपूर्णको पुत्र हो भन्ने कुरालाई सिद्ध गर्ने लिखित प्रमाणहरू त छैनन् तर पनि यस किसिमको अनुभव जब पन्चासेको कुटीमा बसेर योगसाधना गर्दा अन्नपूर्ण हिमश्रृङ्खलालाई नियालेर हेरिन्छ, माछापुच्छे हिमाल अन्नपूर्ण हिमालको काखमा बसेजस्तै देखिन्छ । हामी सबैले सामान्य अवस्थामा यो अनुभव गर्न सकिँदैन ।

माछापुच्छे हिमालको शिर माछाको पुच्छरको आकारजस्तै देखिने हुँदा यसको नाम माछापुच्छे रहन गएको हो भन्ने कुरा सुन्दै आएका हामीलाई यसको वैदिक नाम सुन्दा अचम्म लाग्न पनि सक्दछ । पोखराको फेवाताल तथा लेकसाइडबाट पन्चासेको अवलोकन गर्दा यसको आकृति दुई भागमा टुक्रेको जस्तो देखिन्छ । पन्चासेको भञ्ज्याङ र आर्थरडाँडाखर्कबाट हेर्दा पनि यी दुईवटा आकृति देख्न सकिन्छ । ऋगवेदमा यी दुई आकृतिलाई साँझ र रातको विम्ब दिई विश्वमा सुन्दरता छर्ने स्वर्गका छोरीका रूपमा उल्लेख गरिएको छ । ऋगवेदको मण्डल १०, सूक्त ७०, ऋचा ६ मा यस सम्बन्धमा यस्तो उल्लेख गरिएको छ :

देवी दिवो दुहितरा सुशिल्पे उषासानक्ता सदता नि योनौ ।
आ वां देवास उशति उशन्त उरौ सीदन्तु सुभगे उपस्थे ।

अर्थात् दिव्य लोकको सुन्दरता र तेजस्वी पुत्री उषा तथा रात्री यज्ञका वेदीमा प्रतिष्ठित छन् । हे अभिलाषिणी र श्रेष्ठ वैभवले युक्त देवी हो तिमीहरूको विस्तृत र निकटस्थ स्थानमा हवीको अभिलाषाले प्रेरित भएर देवता विराजमान होउन् (लुइटेल, २०६३) । यस प्रकार वेदका सूक्तहरूको सन्दर्भ यही पन्चासेसँग जोडिएकोले पनि यसको पौराणिक महत्त्व रहेको कुरा पुष्टि हुन आउँछ ।

जैविक विविधताले भरिपूर्ण रहेको पन्चासे क्षेत्र वैदिक युगमा पनि मानिसहरूको बसोबास भएको क्षेत्र भएको विश्वास मान्न सकिन्छ । पन्चासेको टाकुरामा पानीको स्रोत नभएकोले त्यहाँबाट झन्डै एक घण्टा तल झरेपछि आउने भञ्ज्याङ वैदिक युगमा बसोबासका लागि उपयुक्त स्थान भएको विश्वास गरिन्छ । अहिले पनि पन्चासे क्षेत्र वरपरका मानव बस्तीहरू विभिन्न कला र संस्कृतिले धनी रहेका छन् । यस क्षेत्रमा गुरूङ जातिहरूको बाक्लो बस्ती रहेको छ । पन्चासे वरपरका मानवबस्तीहरू फूलबारीमा फूलेका सबै जातका फूलहरू जस्तै लाग्दछन् । भदौरे, सिदागे, तामागी, आर्थर डाडाँखर्क, भञ्ज्याङ, चित्रे आदि गाउँमा गुरूङ समुदायको बाक्लो बस्ती रहेको छ । बाङसिङ, राम्जा, बाँगेलगायतका गाउँमा ब्राह्मण, क्षेत्री आदिको बाक्लो बस्ती रहेको छ । दलित समुदायका मानिसहरू सबै गाउँमा रहेका छन् । गुरूङलगायत विभिन्न जातजातिका मौलिक संस्कृति र सांस्कृतिक परम्परा, ग्रामीण जनजीवन तथा कृषि प्रणालीले यहाँका बस्तीहरूलाई वैभवशाली र जीवन्त बनाएका छन् । यहाँका मानिसहरूको मुख्य पेसा कृषि र पशुपालन रहेको छ । पछिल्लो समयमा आएर माहुरीपालनतर्फ पनि मानिसहरू आकर्षित हुँदै गएको देखिन्छ ।

पन्चासेको शिरमा अनेकौं साधकहरूले साधना र योग गरी योगी तथा तपसी बनेका जनश्रुतिहरू पनि रहेका छन् । पन्चासेको भौगोलिक बनोट र यहाँको प्राकृतिक दिव्य सुन्दरता योग साधना र ध्यानका लागि उपयुक्त किसिमको रहेको पाइन्छ। विगतमा कुनै समय गङ्गाधर पनेरू नामका साधुले यहाँस्थित गुफामा बीस वर्षसम्म योगसाधना गरी समाधिस्थ भएका थिए । एउटा चट्टान फोडेर बनाएको कुटीजस्तै देखिने ओढारमा उनको समाधि छ । यसलाई श्रवणकुमार कुटीका रूपमा स्थानीयबासीहरूले मान्दै आएका छन् ।

पन्चासेस्थित सिद्धबाबा, पन्चासे सरोवर र वराह मन्दिरको विशेष धार्मिक महत्त्व रहेको छ । विभिन्न धार्मिक ग्रन्थमा उल्लेख भएअनुसार च्यवन ऋषिले ध्यान गर्ने स्थल यही पवित्र भूमि पन्चासे थियो । पन्चासे क्षेत्रमा महान योगीहरू आर्य हिमाद्री मातारूपी परम्परामा योगाभ्यास गरेका किम्वदन्तीहरू रहेका छन् । आफ्नो वनवासको समयमा पञ्च पाण्डवहरू आई पन्चासेको दर्शन गरेका कहानीहरू पनि यहाँ रहेका छन् । पन्चासेको योग परम्पराको साक्षात् प्रमाण वार्षिक मेलालाई मानिएको छ । जहाँ आजसम्म पनि सिद्धबाबा गुफाको टुप्पोमा संस्कृतका सुक्तगान गरिन्छ । प्रत्येक वर्ष करिब २०,००० पर्यटक यहाँ आउने गरेको कुरा पन्चासेमा होटेल व्यवसाय चलाएर बस्ने स्थानीयबासी बताउँछन् ।

## पन्चासे क्षेत्रका पर्यटन विकासका सम्भावना

पन्चासे क्षेत्रमा पर्यटन विकासको प्रबल सम्भावना रहेको र यहाँको पर्यटकीय आकर्षणले वरपरका बस्तीहरूका मानिसहरूको आर्थिकस्तरमा पनि उल्लेख्य रूपमा वृद्धि ल्याउन सकिने सम्भावना रहेको छ । पन्चासे क्षेत्रको सांस्कृतिक, पौराणिक, धार्मिक तथा प्राकृतिक विशेषताहरू नै यहाँको पर्यटन विकासका बलिया सम्भावनाका क्षेत्रहरू हुन् । यिनै विशेषताहरूका बारेमा व्यापक रूपमा प्रचारप्रसार गरी विश्वसामु पुऱ्याउन सकेमा आन्तरिक मात्र नभई विदेशी पर्यटकहरूलाई पनि यहाँ भित्र्याउन सकिने सम्भावना छ । पन्चासेको पर्यटन विकाससँगसँगै पूर्वाधार विकासका लागि चौतर्फी सहयोग आइरहेको छ। नेपाल सरकार, विश्व वन्यजन्तु कोष, अमेरिकी सहयोग नियोग, संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रम, आइयुसिएन, जर्मन सरकार, युएससी क्यानडाजस्ता दातृ निकाय र नेपाल पर्यटन बोर्डले पनि पन्चासेको विकासका लागि सहयोग पुऱ्याएका छन् ।

सुन्दर र जैविक विविधताले भरिपूर्ण यस पन्चासे क्षेत्रको व्यापक प्रचारप्रसार गरी विकास र विस्तार गर्न सकेमा गण्डकी प्रदेशकै आर्थिक तथा पर्यटकीय विकासमा ठूलो योगदान पुग्न सक्ने बलियो सम्भावना यहाँ रहेको छ । पन्चासे क्षेत्रको विकास र विस्तारका लागि सम्बद्ध पालिकाहरूले सहकार्य गरी सङ्घीय तथा प्रादेशिक सरकारको सहयोग र समन्वयमा विस्तृत योजना निर्माण गरी अघि बढ्न सक्ने हो भने यी स्थानीय तहको पर्यटन र आर्थिक विकासमा ठूलो टेवा पुग्न सक्ने देखिन्छ। गण्डकी प्रदेश सरकारले पहिचान गरेका पर्वत जिल्लाका १० वटा उत्कृष्ट पर्यटकीय गन्तव्यका रूपमा पन्चासे पञ्चधाम रमणीय धार्मिक क्षेत्र पनि परेकोले यहाँ धार्मिक पर्यटनको बलियो सम्भावना अझै बढेर गएको देखिन्छ।

पन्चासेको वरपर रहेका साविकका नौवटा गाविसमा होमस्टेको सुविधा रहेको छ । पन्चासे क्षेत्रको अवलोकन गर्न आउने मानिसहरूलाई बसोबास गर्नका लागि यहाँ रहेका होमस्टेहरूले ठूलो सहयोग पुऱ्याइरहेका छन् । पर्यापर्यटनलाई आफ्नो मुख्य जीवनशैलीका रूपमा आत्मसात् गरिरहेका यहाँका बासिन्दाले पर्यटकहरू यस ठाउँमा आएमा आआफ्ना घरमा लगेर राख्दछन् । जैविक विविधता र प्रकृतिसँग सम्बन्धित कुराहरूको अध्ययन गर्नका लागि पनि यो क्षेत्र महत्त्वपूर्ण छ । त्रिभुवन विश्वविद्यालय, वन विज्ञान अध्ययन संस्थान, काठमाडौं विश्वविद्यालयलगायत विभिन्न शैक्षिक संस्थाबाट यस क्षेत्रको अनुसन्धानका लागि अनुसन्धानकर्ताहरू आउने गर्दछन् ।

सहरी क्षेत्रको कोलाहलयुक्त वातावरण, प्रदूषण, यान्त्रिक जीवनशैली तथा कामको बोझबाट अत्तालिएका मानिसहरू एकान्त, शान्त, स्वच्छ तथा स्वस्थ प्राकृतिक वातावरणमा रमाउने, छोटो समयको बिदाको उपयोग गर्नेजस्ता उद्देश्य राखेर पर्यटकहरू ग्रामीण क्षेत्रमा रहेका धार्मिक एवम् पर्यटकीय महत्त्व बोकेका स्थलहरूको भ्रमणमा आउने गर्दछन् । पन्चासे क्षेत्रले यस किसिमको विशेषता बोकेकोले पनि यहाँ पर्यटन विकासको प्रबल सम्भावना रहेको छ। यहाँको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महिमाको उपयोग नै यहाँको पर्यटनका लागि बलियो आधारका रूपमा स्थापित हुन सक्ने देखिन्छ।

## पन्चासे क्षेत्रमा पर्यटन विकासका चुनौती

पन्चासे क्षेत्रमा पर्यटन विकासको उच्चतम् सम्भावना हुँदाहुँदै पनि त्यति नै मात्रामा चुनौतीहरू पनि रहेका छन् । निरन्तरको बसाइँ-सराइले यसको वरपर रहेका बस्तीहरू खाली हुँदै जानु, बर्सेनी हुने डढेलो, अनियन्त्रित चरिचरन, वन्यजन्तुको चोरी निकासी, वनक्षेत्रमाथि बढ्दै गएको अतिक्रमण, अनियन्त्रित तरिकाले काठदाउराको चोरी निकासी हुनु, पर्यटकहरूको अनियन्त्रित आवागमन हुनु, पन्चासेमा रहेको होटेललाई नियमित रूपमा सञ्चालनमा ल्याउने, पन्चासे क्षेत्र अवलोकन गर्न आउने अवलोकनकर्ताहरूले यहाँ जथाभावी फोहोर गर्नु आदिजस्ता चुनौती र समस्या यहाँ रहेका छन् । पर्यटन प्रवर्द्धनका लागि महत्त्वपूर्ण देखिएका सम्पदास्थलहरूमा आवश्यक पर्यटकीय पूर्वाधारहरू र अन्य सुविधाहरूको व्यवस्थापन गर्ने कार्य चुनौतीपूर्ण रहेको छ ।

पन्चासे क्षेत्रसम्बद्ध स्थानीय तहहरूमा धार्मिक, सांस्कृतिक सम्पदास्थलहरूको संरक्षण गर्नुपर्दछ भन्ने चासो र भावना बढ्न नसक्नु, धार्मिक तथा ऐतिहासिक धरोहरहरू खण्डहरजस्तै बन्दै जानु, युवाशक्तिको वैदेशिक रोजगारीमा बढ्दो आकर्षण, स्थानीयबासीमा व्यावसयिकताको कमी, पर्यटन विकास र व्यावसायिक शिक्षाको कमी हुनुजस्ता अवस्थाहरू पनि पन्चासे क्षेत्रको पर्यटन विकासका सन्दर्भमा प्रमुख चुनौतीका रूपमा रहेका देखिन्छन् ।

भौगोलिकरूपले विकट नभए तापनि यहाँ रहेका पर्यटकीय पूर्वाधारहरूको विकास र विस्तारका लागि राज्यस्तरबाट उचित ध्यान पुग्न नसक्नु, पुरातात्विक महत्त्वका पूर्वाधारहरू नवनिर्माण गर्नका लागि धेरै लगानी गर्नुपर्ने, यातायात तथा अन्य आवश्यक पूर्वाधारहरूको निर्माण हुन नसक्नु, युवापुस्ताहरूलाई यी सम्पदास्थलहरूको बारेमा कम चासो रहनुजस्ता समस्याहरू यहाँको विकास र संरक्षणमा देखिएका छन् । पर्यटन प्रवर्द्धनका लागि आवश्यक पूर्वाधार निर्माणमा साधन तथा स्रोत जुटाउने कार्य झनै चुनौतीपूर्ण देखिन्छ । यसका लागि सम्बद्ध स्थानीय सरकारहरूले नै उच्चतम् प्रयास गर्नुपर्ने हुन्छ । तर स्थानीय तहहरूको वार्षिक पूँजीगत खर्चको स्वरूपलाई नियाल्दा अधिकांशतः नयाँ सडक निर्माण, पुराना सडकको मर्मतसंभार तथा स्तरोन्नति जस्ता क्षेत्रमा बढी मात्रामा बजेट खर्च हुने गरेको पाइन्छ। आफ्नो क्षेत्रभित्र रहेका पर्यटकीय महत्त्वका वस्तु तथा सम्पदास्थलहरूको खोज, अनुसन्धान गरी विस्तृत कार्ययोजनाका

साथ अघि बढ्ने कार्यमा स्थानीय तहको ध्यान आवश्यक मात्रामा पुग्न नसक्नु पनि चुनौतीका रूपमा रहेको छ। पर्यटन विकासका लागि आवश्यक कार्ययोजना निर्माण तथा कार्यान्वयन गर्ने कार्यमा देखिएको उदासिनतालाई कम गर्ने कार्य झनै चुनौतीपूर्ण रहेको छ।

### पन्चासे क्षेत्रमा पुग्न सकिने पदमार्ग तथा सडकमार्गहरू

मूलतः विदेशी पर्यटकहरूलाई गण्डकी प्रदेशको राजधानी रहेको पोखराबाट नजिकको पदमार्गका रूपमा यो पन्चासे क्षेत्र रहेको छ। गण्डकी प्रदेशका तीनवटा जिल्लाको सीमामा पर्ने यस पन्चासे क्षेत्रमा मोदी गाउँपालिकाको डिमुवा, जिल्ला सदरमुकाम कुस्मा, पोखरा एवम् स्याङ्जाको विभिन्न ठाउँबाट पुग्न सकिन्छ। देहायअनुसार मार्गहरूबाट पन्चासे क्षेत्रमा पुग्न सकिन्छ :

- मोदी गाउँपालिकाको डिमुवाबाट चित्रे हुँदै पैदलमार्गबाट करिब ५ देखि ६ घण्टाको समयमा पन्चासेसम्म पुग्न सकिन्छ। यो माार्गको प्रयोग गर्दा एक दिन चित्रे र आर्थरमा रहेका होमस्टेमा बास बस्ने र भोलिपल्ट बिहानै त्यहाँबाट सुन्दर हरियाली दृश्यहरूको अवलोकन गर्दै करिब दुई घण्टामा पन्चासेको तालमा पुग्न सकिन्छ।
- पन्चासे तालबाट करिब एक घण्टाको पैदल यात्रामा माथि धुरीमा पुग्न सकिन्छ। अन्नपूर्ण हिमश्रृङ्खलासँगै जङ्गलले घेरिएको सुन्दर चरन क्षेत्र देखिने यस क्षेत्रको मुख्य आकर्षक पैदलमार्ग कुस्मा-डिमुवा-चित्रे-पन्चासे हो। पन्चासे पुग्ने अन्य ५ पदमार्गहरू पनि रहेका छन्। पदयात्राका पारखीहरूलाई यो पन्चासे क्षेत्र अत्यन्तै लोभलाग्दो देखिन्छ।
- मोदी गाउँपालिकाको डिमुवाबाट राम्जादेउराली हुँदै पन्चासेसम्म पुग्ने पैदलमार्ग रहेकोले यो बाटो हुँदै पनि त्यहाँ पुग्न सकिन्छ।
- डिमुवाबाट चित्रे र कुस्मा नगरपालिकाको दोबिल्लाबाट आर्थर डाँडाखर्कसम्म पुग्ने गरी सडकमार्गको पनि विस्तार भएकोले यहाँ आउनका लागि त्यति धेरै असुविधा रहेको छैन।
- यो क्षेत्र पोखराबाट पनि नजिकको ट्रेकिङ क्षेत्रका रूपमा रहेकोले त्यहाँबाट पनि यहाँ आउन सकिन्छ। पोखरा हल्लनचोकबाट बसमा एक घण्टाको समयमा घाँटीचिला भन्ने ठाउँमा पुगिन्छ। त्यहाँबाट करिब ३ घण्टाको पैदलयात्रामा सिदाने भन्ने ठाउँमा पुगिन्छ। सिदानेबाट पुनः दुई घण्टाको पैदल यात्रामा पन्चासेको चुचुरोमा पुग्न सकिन्छ।
- पोखरा लेखनाथ महानगरपालिकाको पामेबाट भदौरे हुँदै कास्की, स्याङ्जा र पर्वत जिल्लाको सीमामा रहेको भञ्ज्याङ (२४ किलोमिटर) सम्म निजी वा सार्वजनिक सवारी साधनको प्रयोग गरी जान सकिन्छ। यहाँबाट करिब एक घण्टाको उकालो बाटोमा हरियाली दृश्यहरूको अवलोकन गर्दै पन्चासेको धुरीमा पुग्न सकिन्छ।

### पन्चासे क्षेत्रको विकासका लागि चालिनुपर्ने कदमहरू

पन्चासे क्षेत्र गण्डकी प्रदेशकै पर्यटन विकासमा उच्च सम्भावना बोकेको क्षेत्रका रूपमा स्थापित भएको छ। पर्वत जिल्लाको सदरमुकाम कुस्मा तथा गण्डकी प्रदेशको राजधानी पोखराबाट नजिकको पदमार्गबाट पुग्न सकिने यो क्षेत्रमा पर्यटन विकासका लागि आवश्यक पर्ने आधारभूत कुराहरूको उचित व्यवस्थापन मिलाउन सक्ने हो भने स्वदेशी तथा विदेशी धेरै पर्यटकहरूको रोजाइको क्षेत्रका रूपमा यसलाई स्थापित गर्न सकिने देखिन्छ। पन्चासे क्षेत्रलाई आकर्षक र व्यवस्थित पर्यटकीय स्थलका रूपमा विकास गर्नका लागि देहायअनुसारका आधारभूत कुराहरूको व्यवस्था गर्नुपर्ने देखिन्छ :

- पन्चासे क्षेत्रको विशेषता झल्कने गरी विभिन्न ठाउँमा होर्डिङबोर्डहरू राखी यसको प्रचार-प्रसारमा तिव्रता दिने;
- पन्चासेको ताल वरपर सुकेका रूखहरूका काठहरू यत्रतत्र छरिएर रहेकोले तिनलाई तालबाट हटाउने;
- पन्चासेको धुरीमा रहेको सिद्धथान जीर्ण अवस्थामा पुगेकोले त्यसको जीर्णोद्वार गर्ने;
- पन्चासेको धुरीमा नजिकैको उपयुक्त स्थानबाट लिफ्टसिस्टमबाट खानेपानीको व्यवस्था मिलाउने;
- पन्चासे तालदेखि सिद्धको थानसम्मको विभिन्न स्थानहरूमा फोहोरहरू सङ्कलन गर्नका लागि डस्टविनहरूको व्यवस्था गर्ने;
- भगवान् शिवजीको मन्दिर र सिद्धथान एकै ठाउँमा रहेकोले सिद्धथानमा बलि दिनुपर्ने तर शिवमन्दिर बलि नचढ्ने हुँदा शिवजीको मन्दिर यहीँ नजिकैको उपयुक्त स्थानमा स्थानान्तरण गरी सिद्धथानलाई व्यवस्थित गराउनुपर्ने;
- मौसम सफा रहेको समयमा पन्चासेबाट चारैतिरको सुन्दर दृश्यहरू अवलोकन गर्नका लागि निर्माण प्रक्रियामा रहेको भ्युटावरलाई छिटोभन्दा छिटो सम्पन्न गर्नेतर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्ने;
- मौसम सफा रहेको समयमा पन्चासेबाट चारैतिरको सुन्दर दृश्यहरू अवलोकन गर्नका लागि निर्माण प्रक्रियामा रहेको भ्युटावरलाई छिटोभन्दा छिटो सम्पन्न गर्नेतर्फ सम्बन्धित निकायले ध्यान दिनुपर्ने देखिन्छ।

### निष्कर्ष

पर्यटकीय विकासका दृष्टिले उच्च सम्भावना बोकेको पन्चासे यस क्षेत्रमा हुनु यहाँका स्थानीय तहका लागि गौरवको कुरा हो। तर हामीले आफैसँग रहेका यस किसिमका सम्पदाको धार्मिक, सामाजिक र आर्थिक महत्त्वको भेउ पाउन सकेका छैनौँ। आफ्नो छातिभित्र रहेको अपार सम्पत्तिलाई चिन्न नसकेर स्वर्णको कचौरामा विदेशीसँग भिख मागेर हिँड्नुपर्नेजस्तो स्थितिमा हामी रहेका छौँ। पन्चासेको सम्बन्ध वैदिक साहित्यसँग जोडिएकोले यस क्षेत्रलाई वैदिक साहित्य अध्ययन, अनुसन्धान, योगसाधना तथा अभ्यासको केन्द्रका रूपमा विकास गरिनुपर्दछ।

पन्चासे क्षेत्र अवलोकन गर्न आउने पर्यटकहरूका लागि यसको वरपर रहेका होमस्टेले ठूलो सहयोग पुऱ्याउँदै आएको कुरा निर्विवाद जस्तै भए तापनि पन्चासेमै पनि पन्चासे विकास संस्थाले निर्माण गरेको एउटा होटेल तथा लज (धर्मशाला) रहेको छ। यहाँ गएर रात बिताउन चाहने पर्यटकहरूले होटेल तथा लजका सञ्चालकसँग सम्पर्क गरी बसोबासको व्यवस्था पन्चासेमै मिलाउन सक्दछन्। यहाँको धर्मशालालाई अझै स्तरिकृत गर्नुपर्ने देखिन्छ। धर्मशाला सञ्चालकले नजिकैको भञ्ज्याङ भन्ने ठाउँबाट पिउनेपानी बोकेर लैजाने भए तापनि शौचालयको प्रयोग एवम् सरसफाइका लागि भने वर्षात्को पानी सङ्कलन गरेर राखिएका ठूलाठूला पानीट्याङ्कीहरू यहाँ रहेका छन्। बजार तथा मानव बस्तीबाट केही टाढा र घना जङ्गलको बिचमा रहेकोले सहर बजारको जस्तो यहाँस्थित होटेल सुविधासम्पन्न नभए तापनि लज भने व्यवस्थित रहेको छ। करिब दुई तीन घण्टाको उकालो बाटोबाट मानिसले भारी बोकेर खानेकुराहरू र पिउने पानी बोकेर लैजानुपर्ने अवस्था रहेकोले पर्यटकहरूले रोजेअनुसारका वस्तुको उपभोग यहाँ गर्न पाउँदैनन्।

यहाँको प्राकृतिक वातावरणले पर्यटन विकासको सम्भावना बलियो रूपमा रहेको देखाउँछ । पन्चासेमा बालाचतुर्दशीका दिन लाग्ने मेलालाई पनि वेद र योगसँग जोडेर अझै थप अध्ययन अनुसन्धान गर्नु जरूरी देखिन्छ । पन्चासेको प्राकृतिक अलौकिक सुन्दरता, यहाँबाट देखिने मनोरम प्राकृतिक दृश्यहरू, यहाँ रहेको श्रवणकुमार कुटी, पन्चासे ताल, सिद्धगुफा, पाँचवटा पहाडका चुचुराहरू, पानीका मुहानहरू आदिको वैदिक र पौराणिक महिमाका साथ व्यापक प्रचारप्रसार गर्नु जरूरी देखिन्छ । पन्चासे क्षेत्रसँग जोडिएका वैदिक र पौराणिक सन्दर्भहरूलाई वैज्ञानिक रूपबाट पुष्टि गर्ने आधारहरू नभए तापनि स्थानीयबासीहरूमा प्रचलित जनश्रुति र पन्चासेको प्राकृतिक एवम् भौगोलिक बनोटका आधारमा उक्त सन्दर्भहरू कपोलकल्पित होइनन् कि भन्ने आँकलन गर्न सकिन्छ । यस सम्बन्धमा अझै व्यापक अध्ययन र अनुसन्धान गर्न सक्ने हो भने धेरै तथ्य फेला पार्न सकिन्छ ।

यहाँस्थित् सिद्धथान र शिवलिङ्ग एकै ठाउँमा रहेका छन् । पौराणिक मान्यताअनुसार शिवलिङ्ग स्थापना गरिएको ठाउँमा पशुबलि चढाउने गरिदैन भने सिद्धवराहलाई बलि चढाइन्छ । यसरी एकै ठाउँमा सिद्धथान र शिवलिङ्ग रहेकोले एकथरी समुदायले बलि चढाउन नहुने मत राख्दै आएका छन् भने अर्कोथरी समुदायले यहाँको सिद्धथान धेरै पुरानो भएको र सयौं वर्ष पहिलेदेखि नै मानिसहरूले यहाँ आई पूजा गर्ने भएकोले पछिल्लो समयमा स्थापना गरिएको शिवलिङ्गलाई यही क्षेत्रकै अर्को उपयुक्त स्थानमा स्थापित गर्नुपर्ने धारणा राख्दै आएको पाइन्छ । यस किसिमको पवित्र र धार्मिक आस्थासँग जोडिएको विषयलाई स्थानीयबासी र पन्चासेसँग सरोकार राख्ने पन्चासे क्षेत्र विकास समितिलगायतका निकायहरूले समयमै सम्बोधन गर्न सक्नुपर्दछ ।

पन्चासेलाई अन्नपूर्ण सर्किट र सिरूबारीसँग जोड्न सके पर्यटन विकासमा थप बल पुग्ने देखिन्छ । नेपालमा आउने सबै पर्यटकहरू मनोरञ्जनको उद्देश्य राखेर मात्र आउँदैनन् । नेपालको धार्मिक, ऐतिहासिक, सांस्कृतिक तथा सामाजिक अवस्थाको अध्ययनका लागि पनि विदेशी अनुसन्धाताहरू नेपालमा आउने गर्दछन् । यसरी अध्ययन अनुसन्धानको उद्देश्य राखेर आउने पर्यटकहरूलाई पन्चासे जस्ता क्षेत्रको अनुसन्धानमा लगाउन सक्ने हो भने पर्यटन क्षेत्रको आकर्षक गन्तव्य स्थलका रूपमा यो जिल्ला स्थापित हुन सक्दछ । पन्चासे क्षेत्रमा पर्यटन विकास र प्रवर्द्धनका लागि सम्बद्ध स्थानीय तहले एक आपसमा समन्वय र सहकार्य गरी सामूहिक नीति तथा कार्यक्रम तय गरी कार्यान्वयन गर्न सकेमा पर्यटन विकासको उच्च सम्भावना यहाँ रहेको देखिन्छ ।

## सन्दर्भसामग्री सूची

उपाध्याय रेग्मी, रूद्रप्रसाद र तिवारी, देवेन्द्रप्रसाद (२०६४), सम्पा. गोविन्दप्रसाद तिमिल्सिना एवम् अरू, पर्वत जिल्लामा पर्यटनका समस्या र सम्भावनाहरू, *पर्वत विकास पुञ्ज,* पर्वत विकास समाज ।

काफ्ले, डोलराज (सन् २०१६), नेपालमा पर्यावरणीय र सांस्कृतिक पर्यटन, *हिसान जोर्नल अफ हिस्ट्री एशोसियसन अफ नेपाल,* हिस्ट्री एसोसियसन अफ नेपाल ।

जिविस तथा पविस (२०७०), *जिल्ला पर्यटन विकास गुरूयोजना,* जिल्ला विकास समिति पर्वत तथा पर्वत विकास समाज (जिविस तथा पविस), काठमाडौं ।

दीक्षित, मदनमणि (२०५८), *माधवी,* साझा प्रकाशन ।

धौसेस तथा नेपबो नेपाल (२०७७), *धौलागिरि क्षेत्रका पर्यटकीय गन्तव्यहरू तथा गण्डकी सभ्यतासम्बन्धी स्मारिका-२०७७,* नेपाल पर्यटन बोर्ड तथा धौलागिरि समाज नेपाल (धौसेस तथा नेपबो) ।

पन्त, शास्त्रदत्त (२०६८), *हिमाली राष्ट्रिय निकुञ्ज र पर्यटन विकास,* शास्त्रदत्त पन्त ग्रामीण विकास प्रतिष्ठान (सिरूड) ।

मिलर, ग्यारी (सन् २०११), *पन्चासे पहाडको वैदिक योगको प्रकृतिः दृश्य मानवशास्त्रमा आधारित अनुसन्धान,* अरविन्दो आश्रम ।

लुइटेल, तिलकप्रसाद (२०६३), *ऋगवेद संहिता,* विद्यार्थी पुस्तक भण्डार ।

शिसंविप्रसाविम (२०७८), *गण्डकी प्रदेशका धार्मिक तथा सांस्कृतिक सम्पदा,* शिक्षा संस्कृति विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय (शिसंविप्रसाविम), गण्डकी प्रदेश ।

लेखक स्वयम्द्वारा विभिन्न समयमा पन्चासे क्षेत्रको स्थलगत अवलोकनबाट प्राप्त सूचनाहरू ।

भीमप्रसाद गुरूङ (तत्कालीन वडाअध्यक्ष कुस्मा नगरपालिका-१४) सँग २०७७ असोजमा गरिएको कुराकानी ।

कुस्मा नगरपालिका-१४ आर्थर निवासी डिल्लीराम शर्मासँग २०७९ माघमा गरिएको कुराकानी ।

कुस्मा नगरपालिका-१४ आर्थरस्थित सुदामा मन्दिरका पुजारी ढाकाराम पाध्यासँग २०७९ माघमा गरिएको कुराकानी ।

Upadhyaya, R. P. (2064), ed. Ramhari Timilsina, Rural Tourism in Nepal: A Critical Analysis, *Devavani*, Devghat Vedic Adhyatmic Parisad.

**Ethical Approval for Research:** Not applicable.

**Conflict of Interest:** No conflict of interest.

**Ethical Conduct of Research:**

I declare that this work has been ethically conducted.

**Author's Bionotes**

Hiralal Regmi is an Assistant professor of Economics, at Tribhuvan University, Nepal. He has contributed a number of articles related to the socio-economic aspect of Nepalese different societies. His area of interest is macroeconomics and local development.